# पनौती नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १० संख्या : १ मिति : २०८३/०४/०१

**भाग-१**

## पनौती नगरपालिकाको

### पनौती नगरपालिकाको आर्थिक ऐन, २०८३

### पनौती नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावनाः** पनौती नगरपालिकाको आर्थिक वर्ष २०८३।०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा दस्तुर र शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम पनौती नगरपालिकाको नगर सभाको १९औं नगर सभाले यो ऐन बनाई लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८३" रहेको छ।

(२) यो ऐन २०८३ साल श्रावण १ गते देखि पनौती नगरपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पति कर:** (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र त्यस्तो जग्गामा बनेको भौतिक संरचनाहरुलाई एकीकृत रुपमा हिसाब गरी **अनुसूची -१** मा उल्लेख भए बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ। तर गुठी जग्गामा सम्पत्ति कर लगाइने छैन। नक्सा पेश गर्दा निर्माण कार्यको समय तालिका पेश गरी सोही समय तालिका भित्र निर्माण सम्पन्न गर्नु पर्नेछ। पेश गरेको समय तालिकाको आधारमा सम्पत्ति करको गणना गरिनेछ। यदि कसैले नक्सा पेश गरेको भन्दा कम तल्ला निर्माण गरी कार्यालयमा जानकारी गराएमा निर्माण भएको संरचनालाई मात्र मूल्याङ्कनमा समावेश गर्न सकिनेछ।

२) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करमा जग्गाको मूल्याङ्कन गणना गर्दा **अनुसूची-१.१** र भौतिक संरचनाको मूल्याङ्कन गर्दा **अनुसूची-१.२,** भवनको ह्रास कट्टी **अनुसूची-१.३ र** विवरण ढिलो दाखीला भएमा लाग्ने थप शुल्क **अनुसूची-१.४** मा उल्लेख भए बमोजिम असुल गरीनेछ ।

३) यस दफा बमोजिम सम्पत्ति कर लगाउँदा घर जग्गाको आकार, प्रकार, बनौट र उपयोग, अचल सम्पत्तिको उत्पादनशील उपयोगको अवस्था, नागरिकको जीवनस्तर, आर्थिकस्तर, कर तिर्न सक्ने क्षमता, अचल सम्पत्तिको प्रचलित बजारमूल्य समेतका आधारमा कायम गरिनेछ।

४) सम्पत्ति कर संकलन गर्दा घर जग्गा बहाल कर, व्यवसाय कर, सरसफाई शुल्क समेत एकीकृतरुपमा असूल उपर गरिनेछ। साथै यी करहरु चुक्ता नगरेमा नगरपालिका तथा वडा कार्यालयबाट प्रदान गरिने सेवा दिन कार्यालय वाध्य हुनेछैन।

३. **भूमि कर (मालपोत):** नगरपालिका क्षेत्रभित्र **अनुसूची -२** बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ। तर दफा-२ बमोजिम सम्पत्ति कर लगाइएको जग्गामा भूमीकर (मालपोत) लगाईने छैन।

४. **घर जग्गा बहाल कर:** (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), ,जग्गा वा आंशिक तबरले बहालमा दिएकोमा **अनुसूची-३** बमोजिम बहाल कर लगाइने र असुल गरिनेछ। घर जग्गा बहाल कर सम्बन्धमा भाडा निर्धारणको लागि सम्झौता गर्नु पर्नेछ।यसरी गरिने सम्झौता कम्तिमा ३ महिनाको न्यूनतम अवधिको हुनु पर्ने साथै सोही बमोजिम कर भुक्तानी गर्नु पर्नेछ।

२) उपदफा (१) बमोजिम लगाईने बहाल रकम निर्धारण गर्नको लागि नगरपालिकाले घरजग्गा रहेको स्थान तथा संरचनाको प्रकारको आधारमा न्यूनतम बहाल मूल्य तोकी सोही आधारमा बहाल रकम निर्धारण गरी कर लिन सक्नेछ।

३) बहाल कर नगरपालिकामा दाखिला गर्ने दायित्व घरधनीको हुनेछ।करको दायित्व वहन गर्ने विषय बहालमा लिने दिनेले आपसी समझदारीमा तय गर्न सक्नेछन्।

४) यस ऐन बमोजिम घर जग्गा बहाल करको प्रयोजनको लागि स्वघोषणा फारमको व्यवस्था गरिनेछ। स्वघोषणा प्रतिवेदन कर परीक्षणको सामाग्री बन्न सक्नेछ।

५) स्वघोषणा फारम भर्न इन्कार गरेमा वा ढिलाई गरेमा वा पूर्ण विवरण नदिएमा वडा कार्यालय, कर शाखा वा नगर प्रहरीलाई स्थलगत निरीक्षणमा पठाई घर बहालमा रहेको नरहेको यकिन गरिनेछ।

५. **सरकारी सम्पत्ती वहालबाट प्राप्त आयः** (१) नगरपालिकाले आफूले निर्माण, रेखदेख वा संचालन गरेका देहाय बमोजिमका सम्पत्तिहरुमा **अनुसूची -४** बमोजिमको दरमा सरकारी सम्पत्ती वहाल लगाउने र असुल उपर गरिनेछ। सरकारी सम्पत्ती बहाल उठाउन सक्ने क्षेत्रः

क) आफूले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा वा अन्य सम्पत्ती

ख) नगरपालिकाको स्वमित्वमा रहेको बुलडोजर, एक्साभेटर, रोलर, ट्र्याक्टर, सक्सन मेशिन, जेटिङ्ग मेशिन लगायतका मेशिनरी औजार प्रयोग गरेवापत प्राप्त हुने भाडा

२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको सरकारी सम्पत्तिमा बहाल(भाडा) उठाउनका लागि कार्यपालिकाले न्यूनतम दर निर्धारण गरी बोलपत्र वा दरभाउ पत्र वा डाँक बढाबढ वा वार्ताको माध्यमबाट बहालमा दिन सक्नेछ।

६. **सवारी साधन करः** (१) नगरपालिका क्षेत्रभित्र संचालन गरिने टाङ्गा रिक्सा अटो रिक्सा र ई-रिक्सा जस्ता सवारी साधमा लाग्ने कर यसमा पर्दछ।यस अन्तर्गत उठाइने कर अनुसूची-५ को दर रेटमा संकलन गरिन्छ।

७. **पूर्वाधार सेवाको उपयोग लाग्ने करः** (१) नगरपालिका क्षेत्रभित्र आफूले निर्माण वा आफूलाई हस्तान्तरण भई आएको सडक, बाटो, ढल प्रयोग तथा पुलबाट आवागमन गर्ने सवारी तथा यातायातका साधनमा अनुसूची -६ बमोजिम कर लगाइने र असुल उपर गरिनछ।

२) प्रदेशले लगाएको सवारी साधन कर रकमबाट नगरपालिकाले प्राप्त गर्ने हिस्सा प्रचलित संघीय र प्रदेश कानूनमा तोकिए बमोजिम हुनेछ।

८. **मनोरञ्जन करः** (१) नगरपालिका क्षेत्रभित्र संचालित सिनेमाहल, सांस्कृतिक प्रदर्शनहल, थियटर सङ्गीत, मनोरञ्जन प्रदर्शनस्थल, जादू, सर्कस, चटक जस्ता मनोरञ्जन व्यवसाय सेवामा प्रदेश कानूनले तोके बमोजिम मनोरञ्जन कर लगाई असलु उपर गरिनेछ।

२) उप दफा (१) बमोजिम नगरपालिकाले उठाएको मनोरञ्जन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसँग बाँडफाँट गरिनेछ।

९. **विज्ञापन करः** (१) नगरपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा **अनुसूची-७** बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ।

२) उपदफा (१) बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी लागू गर्न सक्नेछ। नगरपालिकाको स्वीकृति विना कुनै पनि प्रकारका साइनबोर्ड होडिङ्गबोर्ड राख्न पाइने छैन। स्वीकृत नलिइ यस्तो कार्य गरेमा जगरिवाना वा होडिङ्गबोर्ड हटाउने दुबै कार्य नगरपालिकाले गर्न सक्नेछ ।

३) यस दफा बमोजिम नगरपालिकाले उठाएको विज्ञापन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसँग बाँडफाँट गरिनेछ।

४) यस नगरपालिकामा व्यवसाय दर्ता भएका व्यवसायि फर्म/बैक/वित्तीय संस्थाहरुको आफ्नो परिचय खुलाउने वोर्ड कार्यालय परिसरमा राखिएका २५ बर्ग फिट सम्मको निःशुल्क त्यस भन्दा माथिको हकमा अनुसूचीमा उल्लेखित दरमा सम्बन्धित ब्यवसायीबाट व्यवसाय कर लिदाँ उठाइनेछ।

१०. **जडिबुटी, कवाडी र जीवजन्तु करः** (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत **अनसूची -८** बमोजिम जडिबुटी, कवाडी तथा जीवजन्तु कर लगाइने र असूल उपर गरिनेछ।

११. **विक्री, निकासी तथा श्रोत उपयोग शुल्क** (१) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलवाट उत्पादन हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानिजन्य वस्तुहरुको विक्री गर्न सक्नेछ।

२) नगरपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादन भै आफ्नो सीमाक्षेत्र बाहिर निकासी हुने काठ दाउरा र सो को उप-उत्पादनमा निकासी शुल्क लगाउन सक्नेछ।

३) नगरपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादन भै आफ्नो सीमाक्षेत्र भित्र प्रयोग हुने वा बाहिर निकासी हुने ढुंगा, गिट्टी, बालुवा,बेस, सब-बेस,डष्ट माटो, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुको उपयोग वापत श्रोत उपयोग शुल्क लगाउन सक्नेछ।

४) उपदफा (१), (२) र (३) बमोजिम नगरपालिकाले गर्ने विक्री तथा लगाउने निकासी र श्रोत उपयोग शुल्कको दर **अनुसूची-९**मा तोकिए बमोजिम हुनेछ ।

५) उपदफा (१) बमोजिमका वस्तुहरु विक्री, उपदफा (२) बमोजिमको निकासी शुल्क तथा उपदफा (३) बमोजिमको श्रोत उपयोग शुल्क असूलीका लागि विक्री, उत्पादन तथा निकासीको परिमाण तथा दर निर्धारण गरी वोलपत्र, दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट वा स्वयं नगरपालिकाले समेत गर्न सक्नेछ।

१२. **अन्य सेवा शुल्क तथा विक्रीः** (१) नगरपालिकाले निर्माण वा संचालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछः

क) खानेपानी, विजुली, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा,

ख) फोहोरमैला व्यबस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,

ग) शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रावास, हाटबजार, पशु बधशाला, शबदाहगृह, धोवीघाट र त्यस्तै अन्य सुविधा,

घ) सडक, बस पार्क, ढल, पुल जस्ता सेवा,

ङ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,

च) नगरपालिकाले प्रदान गर्ने सिफारिश सम्बन्धी कुनै सेवा,

छ) ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क।

तर ऐतिहासिक स्थल, पुरातात्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई यस प्रकरण बमोजिम शुल्क लिन पाइने छैन।

२) नगरपालिकाले प्रदान गर्ने सेवामा सेवा शुल्क र दस्तुर, स्नानगृह तथा शौचालय प्रयोग, पर्यटक प्रवेश, चलचित्र छायाँकान र एम्बुलेन्स सेवा प्रदान सम्बन्धी शुल्कको दर **अनुसूची -१०** मा उल्लेख भए बमोजिम लगाईने तथा असुल उपर गरिनेछ।

१३. **न्यायिक दस्तुरः** (१) नगरपालिकाको न्यायिक समितिबाट सम्पादन हुने न्यायिक कार्य सम्बन्धी कार्यको न्यायिक प्रक्रियाबाट उठाइएको रकम आदी न्यायिक सम्बन्धी राजश्व दस्तुर **अनुसूची -११** बमोजिम लिइनेछ।

१४. **परीक्षा दस्तुर/शुल्कः** (१) नगरपालिकाबाट लिईने विभिन्न परीक्षा बापतको दस्तुर **अनुसूची -१२** को दररेटमा संकलन गरिनेछ।

१५. **अन्य प्रशासनिक सेवा शुल्कः** (१) नगरपालिकामा पेश गर्ने निवेदन ठेक्का फाराम तथा नक्सा किताव विक्री दस्तुर "घ" वर्गको इजाजत पत्र आदि प्रमाण पत्र जारी तथा नविकरण दस्तुर बापतको रकम **अनुसूची -१३** को दररेटमा संकलन गरिनेछ।

१६. **पार्किङ्ग शुल्कः** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्गस्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराएवापत पार्किङ्ग गर्ने समयको आधारमा **अनुसूची -१४** मा उल्लेख भएबमोजिमको दरमा पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ।

२) नगरपालिकाले उपदफा (१) बमोजिम तोकेको स्थान वाहेक अन्य स्थानमा सवारी पार्किङ्ग गर्न रोक लगाउन सक्नेछ । तर राजमार्ग तथा सहायक राजमार्गको सडक अधिकार क्षेत्रभित्र यस दफा बमोजिम सवारी पार्किङ्ग गराइने र शुल्क लगाइने छैन।

३) नगरपालिकाले सवारी पार्किङ्ग क्षेत्र निर्धारण गर्दा सवारी आवागमनमा बाधा नपुग्ने गरी ट्राफिक प्रहरी कार्यालयसँगको समन्वयमा गर्नेछ।

१७. **नक्सापास दस्तुरः** नगरपालिका क्षेत्र भित्र निर्माण हुने संरचनाको नक्सा पास गर्दा लाग्ने दस्तुर **अनुसूची-१५** वमोजिम लगाईने तथा असुल उपर गरिनेछ।

१८. **सिफारिश दस्तुरः** नगरपालिकाबाट कुनै पनि निकायमा गरिने सिफारिस तथा प्रदान गरिने सेवा बापत उठाइने दस्तरमा **अनुसूची-१६** वमोजिम दस्तुर लिइनेछ।

१९. **ब्यक्तिगत घटना दर्ता दस्तुरः** नगरपालिका नागरिकहरुको घटना भएको ३५ दिन भित्र निशुल्क घटना दर्ता गरिनेछ। समय गुज्री सकेपछि घटना दर्ता गर्न आएमा **अनुसूची-१७** वमोजिम शुल्क लिइनेछ।

२०. **नाता प्रमाणित दस्तुरः** नगरपालिकाले गरिने नाता प्रमाणितमा **अनुसूची-१८** वमोजिम शुल्क लिइनेछ।

२१. **अन्य दस्तुरः** नगरपालिकाले प्रदान गरिने माथि उल्लेखित वाहेकका अन्य प्रकारका सिफारिस तथा प्रमाणितमा **अनुसूची-१९** वमोजिम अन्य दस्तुर लिइनेछ।

२२. **रेडियो/एफ.एम. सञ्चालन दस्तुरः** रेडियो, एफ.एम. सञ्चालनको लागि अनुमति तथा नविकरण गर्दा **अनुसूची-२०** वमोजिमको दस्तुर लिइनेछ।

२३. **प्रशासनिक दण्ड जरिवानाः** नगरपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा सम्बन्धित कानूनमा दर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा **अनुसूची -२१** बमोजिम असुल उपर गरिनेछ।

२४. **व्यवसाय करः** (१) नगरपालिका क्षेत्रभित्र रहेका उद्योग व्यापार, व्यवसायको दर्ता तथा नविकरण गर्दा **अनुसूची -२२** बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ। यसरी व्यवसाय कर असुल गर्दा व्यवसायको नविकरण शुल्क तथा सरसफाई शुल्क समेत गणना गरी एक मुष्ट रुपमा असूल गर्न सकिनेछ।

२) नगरपालिका क्षेत्रभित्र रहेका उद्योग व्यापार, व्यवसाय र सेवामा व्यवसाय संचालन गर्न चाहने व्यक्ति वा संस्थाले नगरपालिका व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्रमाण पत्र लिनु पर्नेछ। इजाजत प्राप्त ब्यवसायीहरुले वार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी व्यवसाय नवीकरण गर्नु पर्नेछ।

३) उपदफा (२) बमोजिमको इजाजत विना नगरपालिका क्षेत्रभित्र कुनै पनि ब्यापार, व्यवसाय तथा सेवा संचालन गर्न पाईनेछैन।

४) उपदफा (२) बमोजिमको स्व-घोषणा पत्रमा आफ्नो घर जग्गा तथा स्वामित्वमा रहेको सम्पत्तिमा व्यवसाय गरी बसेका ब्यवसायीहरुको बिवरण समेत समेट्नु पर्नेछ।

५) आफ्नो घर जग्गामा व्यवसाय गरी बस्ने ब्यवसायीहरुलाई व्यवसाय करको दायरामा ल्याउन सघाउनु हरेक घर जग्गा धनीको कर्तव्य मानिनेछ।

६) यस दफा बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी लागू गर्न सक्नेछ।

७) करदताले आफ्नो व्यवसाय विक्री गरी व्यवसाय ठाउँसारी गरेमा सो आर्थिक वर्षमा खरिद गर्ने करदाताबाट सोही आर्थिक वर्षमा ठाउँसारी भएर गएको व्यवसायको कर असुली गरिने छैन।

२५. **कर छुटः** (१) यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई सामान्यतया कुनै पनि किसिमको कर छुट दिईने छैन । तर वार्षिक रुपमा तिर्नु पर्ने कर समयमा तिरी सहज सेवा प्रदान गरी नियमसम्मत छुट लिन चाहने करदाता,उद्योग/व्यवसायीलाई **अनुसूची -२३** बमोजिम कर छुट प्रदान गरिनेछ।

२) विपद, महामारी तथा संकटग्रस्त अवस्था श्रृजना भएमा कार्यालयको सिफारिसमा नगर प्रमुखले औचित्य हेरी कुनै प्रकारको कर वा सोको अंशमा छुट दिन सक्नेछ। त्यस्तो छुटको विवरण नगर सभामा पेश गर्नु पर्नेछ।

३) माथि जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकालाई तिर्नुपर्ने बिगत बर्षहरुको कर, शुल्क, महशुल चालु आर्थिक बर्षको पौष मसान्तसम्म तिर्न आएमा जरिवाना रकममा तोकिए बमोजिम छुट दिईनेछ।

२६. **ठेक्का आह्वान गर्न सक्नेः** (१) यस ऐन बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोवस्त गरी संकलन गर्न सक्नेछ।

तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा तीन वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ।

२) यस दफा बमोजिमको आय ठेक्का दिदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यबस्था मिलाउनु पर्नेछ।

३) नगरपालिकाले सामान्यतया आर्थिक वर्ष शुरु हुनुभन्दा अगावै ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ।

४) नगरपालिकाले कर संकलन गर्न सामान्यतया ठेक्का बन्दोबस्त गरिने छैन । तर श्रोत उपयोग तथा बिक्रि शुल्क, पूर्वाधार विकाश शुल्क, जडिबुटी, कवाडी र जीबजन्तु कर तथा विज्ञापन कर संकलन गर्न ठेक्का बन्दोबस्त नै गर्नु पर्ने अवस्थामा कार्यपालिकाको निर्णय गराई अधिकतम प्रतिष्पर्धा गराइ ठेक्कामा संकलन गर्न सकिनेछ।

२७. **प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा उल्लेख गरिएका बिषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका बिषयमा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

२८. **नगदी रसिद रद्द गर्न सक्नेः** (१) कर दस्तुर संकलन गर्दा काटिएका आम्दानी रसिद रद्द गर्नु पर्ने अवस्था आएमा सम्बन्धित संकलनकर्ताले कारण खुलाई सक्कलै नगदी रसिद

संलग्न गरी अधिकार प्राप्त अधिकारीबाट निर्णय भएमा रद्द गरी सम्बन्धित व्यक्तिलाई रकम फिर्ता गर्न सकिनेछ।

२) उपदफा (१) बमोजिम रद्द गरिएका रसिदको विवरण राजश्व शाखाले प्रमाणित गरी राख्नु पर्नेछ।

२९. **कार्यविधि बनाउन सक्नेः** (१) ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नगरपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागू गर्न सक्नेछ।

२) उपदफा (१) बमोजिम वनेको कार्यविधि वा निर्देशिका सम्वन्धित कार्यपालिकावाट स्वीकृत भई सार्वजनिक भए पछि लागू हुनेछ।

३०. **बाधा अड्काउ फुकाउः** (१) यो ऐनको व्यवस्था कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा बाधा अड्काउ फुकाउको अधिकार कार्यपालिकामा रहनेछ। त्यस्तो बाधा अड्काउ फुकाउको बिषय कार्यपालिका मार्फत नगर सभामा पेश हुनेछ।

अनुसूची-१

(ऐनको दफा-२ सँग सम्बन्धित)

**सम्पत्ती करको दर**

**लेखा कोडः ११३१३**

| क्र. सं. | करयोग्य सम्पत्तीको मूल्य | वार्षिक करको दर प्रतिशतमा |
|---|---|---|
| १ | रू. ५ लाख सम्म | एकमुष्ट २००।०० |
| २ | रू. ५ लाखभन्दा माथी दश लाखसम्मको मूल्यांकनमा | एकमुष्ट ३००।०० |
| ३ | रू. १० लाखभन्दा माथी पचास लाख सम्मको मूल्यांकनमा | ०.०३० प्रतिशत |
| ४ | रू. ५० लाखभन्दा माथी एक करोडसम्मको मूल्यांकनमा | ०.०४० प्रतिशत |
| ५ | रू. १ करोडभन्दा माथी तीन करोडसम्मको मूल्यांकनमा | ०.०५० प्रतिशत |
| ६ | रू. ३ करोडभन्दा माथी पाँच करोडसम्मको मूल्यांकनमा | ०.०६० प्रतिशत |
| ७ | रू. ५ करोडभन्दा माथी दस करोडसम्मको मूल्यांकनमा | ०.०७५ प्रतिशत |
| ८ | रू. दस करोडभन्दा माथीको मूल्यांकनमा | ०.०९० प्रतिशत |

अनुसूची-१.१

**पनौती नगरपालिका क्षेत्रभित्रको जग्गाको मूल्यांकन दर**

१. साविक इन्द्रेश्वर (हाल वडा नं. ७)

| क्र. सं. | जग्गा विवरण | कृषि/ भू-वर्गीकरण बाकी जग्गाहरु प्रति आना रु. | आ./व्य. क्षेत्रका जग्गाहरु प्रति आना रु. |
|---|---|---|---|
| क | पनौती कुशादेवी सडकको दायाँ बायाँ जोडिएका जग्गाहरु | २९४०००.०० | ३३६०००.०० |
| ख | पनौती बसपार्क आसपास तथा पनौती बजार क्षेत्रमा पर्ने जग्गाहरु | २६७७५०.०० | ३०६०००.०० |
| ग | अन्य पक्की मोटर बाटोमा पर्ने जग्गाहरु | २३१०००.०० | २६४०००.०० |
| घ | क्र.सं. क र ख मा पर्ने जग्गाहरु बाहेक उक्त सडकका प्लानिङ सहायक ग्राभेल मोटर बाटोमा पर्ने जग्गाहरु | १८७९५०.०० | २१४०००.०० |
| ङ | कच्ची मोटर बाटोमा पर्ने जग्गाहरु तथा बजार क्षेत्रका ढुङ्गा छापेका सडकमा पर्ने जग्गाहरु समेत | १३४४००.०० | १४७०००.०० |
| च | गोरेटो बाटोमा पर्ने जग्गाहरु | ६३१४६.०० | ७००००.०० |
| छ | खेत | ४४१००.०० | ४८०००.०० |
| ज | बारी | २३१६०.०० | २५५००.०० |

२. साविक खोपासी (हाल वडा नं. १०)

| क्र.सं. | जग्गा विवरण | कृषि/ भू-वर्गीकरण बाकी जग्गाहरु प्रति आना रु. | आ./व्य. क्षेत्रका जग्गाहरु प्रति आना रु. |
|---|---|---|---|
| क | पनौती रोशीखोला पुलदेखि खोपासी साल्मीटार सडकका दायाँबायाँ पर्ने जग्गाहरु | १७३२५०.०० | १९८०००.०० |
| ख | क्र.सं. क मा पर्ने जग्गाहरु बाहेक उक्त सडकका प्लानिङ र सहायक ग्राभेल मोटर बाटोमा पर्ने जग्गाहरु | १०७१००.०० | १२२०००.०० |
| ग | अन्य पक्की मोटर बाटोमा पर्ने जग्गाहरु | १०७१००.०० | १२२०००.०० |
| घ | प्रहरी चौकी हुँदै पस्थली जाने ठाडो मोटर बाटोमा पर्ने जग्गाहरु | १०७१००.०० | १२२०००.०० |
| ङ | खोपासी डवली हुँदै चलालगणेशस्थान जाने मोटर बाटोमा पर्ने जग्गाहरु | ७९८००.०० | ९१०००.०० |
| च | रोशीखोला मयलवोट नहरको मोटर बाटोमा पर्ने जग्गाहरु | १०७१००.०० | १२२०००.०० |
| छ | अन्य कच्ची मोटर बाटोमा पर्ने जग्गाहरु/ढुङ्गा छापेका सडक समेतमा जोडिएका जग्गाहरु | ६३१५०.०० | ७००००.०० |
| ज | गोरेटो बाटोमा पर्ने जग्गाहरु | ३२०००.०० | ३५०००.०० |
| झ | खेत | २३१६०.०० | २५०००.०० |
| ञ | बारी | १५४३५.०० | १७०००.०० |

३. साविक खोपासी (हाल पनौती नगरपालिका वडा नं. ११)

| क्र.सं. | जग्गा विवरण | कृषि/ भू-वर्गीकरण बाकी जग्गाहरु प्रति आना रु. | आ./व्य. क्षेत्रका जग्गाहरु प्रति आना रु. |
|---|---|---|---|
| क | पक्की मोटरबाटोमा पर्ने जग्गाहरु | ६७२००.०० | ७६५००.०० |
| ख | कच्ची मोटर बाटोमा पर्ने जग्गाहरु | ४४१००.०० | ४८०००.०० |
| ग | गोरेटो बाटोमा पर्ने जग्गाहरु | २५३५८.०० | २८०००.०० |
| घ | खेत | १९३००.०० | २१०००.०० |
| ङ | बारी | ६६१५.०० | ७५००.०० |

४. साविक मल्पी (हाल वडा नं. ७ र ८)

| क्र.सं. | जग्गा विवरण | कृषि/ भू-वर्गीकरण बाकी जग्गाहरु प्रति आना रु. | आ./व्य. क्षेत्रका जग्गाहरु प्रति आना रु. |
|---|---|---|---|
| क | पनौतीबाट इन्द्रेश्वर उ.मा.वि. हुँदै भालेश्वरसम्म जाने मोटर बाटो पर्ने जग्गाहरु | १७३२५०.०० | १९८०००.०० |

| क्र.सं. | जग्गा विवरण | कृषि/ भू-वर्गीकरण बाकी जग्गाहरु प्रति आना रु. | आ./व्य. क्षेत्रका जग्गाहरु प्रति आना रु. |
|---|---|---|---|
| ख | इन्द्रेश्वर उ.मा.वि. हुँदै मल्पी खरिबोट देउरालीसम्म जाने प्लानिङ र मोटर बाटोमा पर्ने जग्गाहरु | १७३२५०.०० | १९८०००.०० |
| ग | अन्य पक्की मोटर बाटोमा पर्ने जग्गाहरु | १७३२५०.०० | १९८०००.०० |
| घ | मल्पी इयामसाइड देखि भालेश्वर मन्दिर जाने मोटर बाटोमा पर्ने जग्गाहरु | १०७१००.०० | १२२०००.०० |
| ङ | मल्पीबाट पाल्याली गाँउ हुँदै देउरालीसम्म जाने मोटर बाटोमा पर्ने जग्गाहरु | १०७१००.०० | १२२०००.०० |
| च | भालेश्वर उ.मा.वि. देखि कलाँतीभुमीडाँडा जाने मोटर बाटोमा पर्ने जग्गाहरु | १०७१००.०० | १२२०००.०० |
| छ | पनौती मल्पी कुशादेवी सडकमा पर्ने जग्गाहरु | १०७१००.०० | १२२०००.०० |
| ज | कच्ची मोटर बाटोमा पर्ने जग्गाहरु/ढुङ्गा छापेका सडकमा पर्ने जग्गाहरु समेत | १०१४३०.०० | १११०००.०० |
| झ | गोरेटो बाटोमा पर्ने जग्गाहरु | ३२०००.०० | ३५०००.०० |
| ञ | खेत | २३१६०.०० | २५५००.०० |
| ट | बारी | १५४५०.०० | १७०००.०० |

**५. साविक सुब्बागाउँ (हाल वडा नं. ४,५ र ६)**

| क्र.सं. | जग्गा विवरण | कृषि/ भू-वर्गीकरण बाकी जग्गाहरु प्रति आना रु. | आ./व्य. क्षेत्रका जग्गाहरु प्रति आना रु. |
|---|---|---|---|
| क | बनेपा पनौती सडकको दायाँ बायाँ जोडिएका जग्गाहरु | ७२१३५०.०० | ८२४०००.०० |
| ख | वि.पी. राजमार्गमा पर्ने जग्गाहरु | ३२०२५०.०० | ३६६०००.०० |
| ग | क्र.सं. क र ख मा पर्ने जग्गाहरु बाहेक पक्की मोटर बाटोमा पर्ने जग्गाहरु | ३२०२५०.०० | ३६६०००.०० |
| घ | ठाडोबाटो बस स्टेण्ड देखि बाँसडोल जाने मोटर बाटोमा पर्ने जग्गाहरु र प्लानिङ | १८७९५०.०० | २१४०००.०० |
| ङ | कच्ची मोटर बाटोमा पर्ने जग्गाहरु | १६५३७५.०० | १८२०००.०० |
| च | गोरेटो बाटोमा पर्ने जग्गाहरु | ८९३००.०० | ९८०००.०० |

| | | | |
|---|---|---|---|
| छ | खेत | ६३१५०.०० | ७००००.०० |
| ज | बारी | ३२०००.०० | ३५०००.०० |

६. साविक सुन्थान (हाल वडा नं. ६ र ९)

| क्र. सं. | जग्गा विवरण | कृषि/ भू-वर्गीकरण बाकी जग्गाहरु प्रति आना रु. | आ./व्य. क्षेत्रका जग्गाहरु प्रति आना रु. |
|---|---|---|---|
| क | पुण्यमाता पुलदेखि ॐ डाँडा जाने पक्की सडक | २५३०५०.०० | २८९०००.०० |
| ख | ॐ डाँडा देखि साविक सुनथान गा.वि.स. सिमाना सम्म पक्की सडकसंग जोडिएका जग्गाहरु | १६०६५०.०० | १८३०००.०० |
| ग | अन्य पक्की मोटर बाटोमा पर्ने जग्गाहरु | १६०६५०.०० | १८३०००.०० |
| घ | कच्ची मोटरबाटोसंग जोडिएका जग्गाहरु र प्लानिङग | १२१२७५.०० | १३८०००.०० |
| ङ | दलमले देलिस्थान, रातमाटे कच्ची सडकहरुमा पर्ने जग्गाहरु | १०८०४५.०० | १२३०००.०० |
| च | गोरेटो बाटोमा जोडिएका जग्गाहरु | ३८५९०.०० | ४२०००.०० |
| छ | खेत | २३१६०.०० | २५५००.०० |
| ज | बारी | १५४५०.०० | १७०००.०० |

७. साविक कलाँती भूमीडाँडा (हाल वडा नं. १२)

| क्र. सं. | जग्गा विवरण | कृषि/ भू-वर्गीकरण बाकी जग्गाहरु प्रति आना रु. | आ./व्य. क्षेत्रका जग्गाहरु प्रति आना रु. |
|---|---|---|---|
| क | पक्की मोटर बाटोमा पर्ने जग्गाहरु | ५७७५०.०० | ६६०००.०० |
| ख | कलाँती भूमीडाँडादेखि भालेश्वर उ.मा.वि. पनौती जाने मोटरबाटोमा पर्ने जग्गाहरु | ३३६००.०० | ३८०००.०० |
| ग | कच्ची मोटर बाटोमा पर्ने जग्गाहरु | १५४५०.०० | १७०००.०० |
| घ | गोरेटो बाटोमा पर्ने जग्गाहरु | ८८२०.०० | १००००.०० |
| ङ | खानी उद्योगले ओगटेका जग्गाहरू | - | ४३७५०.०० |
| च | खेत | ४४१०.०० | ५०००.०० |
| छ | बारी | ३३००.०० | ४०००.०० |

८. साविक कुशादेवी (हाल वडा नं. २ र ३)

| क्र. सं. | जग्गा विवरण | कृषि/ भू-वर्गीकरण बाकी जग्गाहरु प्रति आना रु. | आ./व्य. क्षेत्रका जग्गाहरु प्रति आना रु. |
|---|---|---|---|
| क | कुशादेवी-पनौती सडकको दायाँ बायाँ जोडिएका जग्गाहरु | ९४५००.०० | १०८०००.०० |
| ख | कुशादेवी यलि सडकमा पर्ने जग्गाहरु | ६७२००.०० | ७६५००.०० |
| ग | पक्की मोटर बाटोमा पर्ने जग्गाहरु | ९४५००.०० | १०८०००.०० |
| घ | कच्ची मोटर बाटोमा पर्ने जग्गाहरु | ३८५८८.०० | ४३०००.०० |
| ङ | गोरेटो बाटोमा पर्ने जग्गाहरु | १५४३५.०० | १७०००.०० |
| च | खानी उद्योगले ओगटेका जग्गाहरू | - | ४३७५०.०० |
| छ | खेत | ९९३०.०० | ११०००.०० |
| ज | बारी | ५५२०.०० | ६५००.०० |

९. साविक यलि (हाल वडा नं.१)

| क्र. सं. | जग्गा विवरण | कृषि/ भू-वर्गीकरण बाकी जग्गाहरु प्रति आना रु. | आ./व्य. क्षेत्रका जग्गाहरु प्रति आना रु. |
|---|---|---|---|
| क | पक्की सडकसाँग जोडिएका जग्गाहरु | ९४५००.०० | १०८०००.०० |
| ख | कच्ची मोटर बाटोसँग जोडिएका | ३८६००.०० | ४३०००.०० |
| ग | गोरेटो बाटोसँग जोडिएका | १५४४०.०० | १७०००.०० |
| घ | खेत | ९३७०.०० | ११०००.०० |
| ङ | पाखा | ५५२०.०० | ६५००.०० |

१०. साविक शारदा बतासे (हाल वडा नं. ९)

| क्र. सं. | जग्गा विवरण | कृषि/ भू-वर्गीकरण बाकी जग्गाहरु प्रति आना रु. | आ./व्य. क्षेत्रका जग्गाहरु प्रति आना रु. |
|---|---|---|---|
| क | सुनथान शंखु नमोबुद्ध सडकसाँग जोडिएका जग्गाहरु पक्की | ५३५५०.०० | ६१५००.०० |
| ख | सुनथान शंखु नमोबुद्ध सडकसँग जोडिएका जग्गाहरु कच्ची | ४६२००.०० | ५३०००.०० |

| क्र.सं. | जग्गा विवरण | कृषि/ भू-वर्गीकरण बाकी जग्गाहरु प्रति आना रु. | आ./व्य. क्षेत्रका जग्गाहरु प्रति आना रु. |
|---|---|---|---|
| ग | सुनथान ईटे पाटीचौर सडक पक्की | ५३५५०.०० | ६२०००.०० |
| घ | सुनथान ईटे पाटीचौर सडक कच्ची | ४६२००.०० | ५३०००.०० |
| ङ | पक्की मोटर बाटो संग जोडिएको सडक | ५३५५०.०० | ६२०००.०० |
| च | कच्ची मोटर बाटोसँग जोडिएका जग्गाहरु | ४४१००.०० | ५१०००.०० |
| छ | गोरेटो बाटोमा पर्ने जग्गाहरु | २२०५०.०० | २५०००.०० |
| ज | खेत | १५४५०.०० | १८०००.०० |
| झ | बारी | ८३००.०० | १००००.०० |

**अनुसूची-१.२**

**संरचना(सम्पत्ती)को मूल्यांकन दर (प्रति वर्ग फिट)**

| क्र.सं. | संरचनाको वर्गिकरण | व्यापरीक क्षेत्र | | आवासीय क्षेत्र | | कृषि क्षेत्र | | कृषि क्षेत्र | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | औद्योगिक/ व्यवसायिक तथा संस्थागत | बसोवास | औद्योगिक/ व्यवसायिक तथा संस्थागत | बसोवास | औद्योगिक/ व्यवसायिक तथा संस्थागत | बसोवास | औद्योगिक/ व्यवसायिक तथा संस्थागत | बसोवास |
| १ | आरसिसि फ्रेम स्ट्रक्चर, सिमेन्ट जोडाइ पाको इटामा ढलाई वा स्टिल फ्रेम स्ट्रक्चर भएका ठुला भवन | १८००.०० | १५००.०० | १५००.०० | १३००.०० | १२००.०० | १०००.०० | १०००.०० | ८००.०० |
| २ | सिमेन्ट वा पाको ईटामा माटोको जोडाईमा ढलाई | १५००.०० | १३००.०० | १३००.०० | १०००.०० | ८००.०० | ९००.०० | ८००.०० | ७००.०० |
| ३ | सिमेन्ट वा पाको ईटामा माटोको जोडाई, काठ वा जस्ताको | १२००.०० | ११००.०० | १०००.०० | ९००.०० | ८००.०० | ७००.०० | ६००.०० | ५५०.०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | घेरा भै जस्ता, टायल वा स्लेटको छाना र १४ फिटभन्दा अग्ला ट्रष्टहरू | | | | | | | | |
| ४ | काँचो ईटा वा ढुंगामा माटोको जोडाईमा सबै किसिमका छाना | ९००.०० | ८००.०० | ८००.०० | ७००.००० | ६००.०० | ५५०.०० | ५००.०० | ४५०.०० |
| ५ | प्रिफ्याब तथा जस्ताले बनेको भित्ता र टिनको छाना भएको टहरा, सेड, कच्ची घर | ४५०.०० | ४५०.०० | ४५०.०० | ४५०.०० | ४५०.०० | ४५०.०० | ४५०.०० | ४५०.०० |
| ६ | ढुंगा वा इटाको पर्खाल प्रति रनिंग फिट | ३००.०० (प्रति रनिंग मिटर) | ३००.०० (प्रति रनिंग मिटर) | ३००.०० (प्रति रनिंग मिटर) | ३००.०० (प्रति रनिंग मिटर) | ३००.०० (प्रति रनिंग मिटर) | ३००.०० (प्रति रनिंग मिटर) | ३००.०० (प्रति रनिंग मिटर) | ३००.०० (प्रति रनिंग मिटर) |

**अनुसूची-१.३**

**भवन संरचनाको ह्रास कट्टी दर (प्रतिशतमा)**

| संरचनाको किसिम / संरचनाको निर्माण भएको आयु | आरसिसि फ्रेम स्ट्रक्चर, सिमेन्ट जोडाइ पाको इटामा ढलाई वा स्टिल फ्रेम स्ट्रक्चर भएका ठुला भवन | सिमेन्ट वा पाको ईटामा माटोको जोडाईमा ढलाई | सिमेन्ट वा पाको ईटामा माटोको जोडाई, काठ वा जस्ताको घेरा भै जस्ता, टायल वा स्लेटको छाना र १४ फिटभन्दा अग्ला ट्रष्टहरू | काँचो ईटा वा ढुंगामा माटोको जोडाईमा सबै किसिमका छाना | प्रिफ्याब तथा जस्ताले बनेको भित्ता र टिनको छाना भएको टहरा, सेड, कच्ची घर | ढुंगा वा इटाको पर्खाल प्रति **रनिंग फिट** |
|---|---|---|---|---|---|---|
| १-५ वर्ष | १० | १० | १३ | १५ | २० | २० |
| ६-१० वर्ष | १३ | १४ | १८ | २२ | ३० | ३५ |

| संरचनाको किसिम / संरचनाको निर्माण भएको आयु | आरसिसि फ्रेम स्ट्रक्चर, सिमेन्ट जोडाइ पाको इटामा ढलाई वा स्टिल फ्रेम स्ट्रक्चर भएका ठुला भवन | सिमेन्ट वा पाको ईटामा माटोको जोडाईमा ढलाई | सिमेन्ट वा पाको ईटामा माटोको जोडाई, काठ वा जस्ताको घेरा भै जस्ता, टायल वा स्लेटको छाना र १४ फिटभन्दा अग्ला ट्रष्टहरू | काँचो ईटा वा ढुंगामा माटोको जोडाईमा सबै किसिमका छाना | प्रिफ्याब तथा जस्ताले बनेको भित्ता र टिनको छाना भएको टहरा, सेड, कच्ची घर | ढुंगा वा इटाको पर्खाल प्रति रनिंग फिट |
|---|---|---|---|---|---|---|
| ११-१५ वर्ष | १६ | १८ | २३ | २९ | ४० | ५० |
| १६-२० वर्ष | १९ | २२ | २८ | ३६ | ५० | ६० |
| २१-२५ वर्ष | २२ | २६ | ३३ | ४३ | ६० | ६० |
| २६-३० वर्ष | २५ | ३० | ३८ | ५० | ६० | ६० |
| ३१-३५ वर्ष | २८ | ३४ | ४३ | ६० | ६० | ६० |
| ३६-४० वर्ष | ३१ | ३८ | ४८ | ६० | ६० | ६० |
| ४१-४५ वर्ष | ३४ | ४२ | ५३ | ६० | ६० | ६० |
| ४६-५० वर्ष | ३७ | ४६ | ५८ | ६० | ६० | ६० |
| ५१-५५ वर्ष | ४० | ५० | ६० | ६० | ६० | ६० |
| ५६-६० वर्ष | ४३ | ५४ | ६० | ६० | ६० | ६० |
| ६१-६५ वर्ष | ४६ | ५८ | ६० | ६० | ६० | ६० |
| ६६-७० वर्ष | ४९ | ६० | ६० | ६० | ६० | ६० |
| ७० वर्षभन्दा माथी | ६० | ६० | ६० | ६० | ६० | ६० |

**अनुसूची-१.३**

## सम्पत्तिकर बिवरण म्यादभित्र दाखीला नभएमा लाग्ने थप शुल्कको दर

| म्याद नाघेको अवधी | सम्पत्तीको मूल्यांकन रकम र थप शुल्क | | | |
|---|---|---|---|---|
| | १० लाखसम्म | १० लाखभन्दा माथी ५० लाखसम्म | ५० लाख भन्दा माथी जतिसुकै रकम | कैफियत |
| एक आ.व.म्याद नाघेको | २००।- | ४००।- | १०००।- | उल्लेखित अवधिपछि म्याद नाघी विवरण दाखीला भएमा २४औं आर्थिक वर्षको लागि तोकिएको रकममा प्रत्येक वर्षका लागी १० प्रतिशतका दरले थप गरी असुल गरीनेछ। |
| २-४ आ.व.म्याद नाघेको | ६००।- | १०००।- | १५००।- | |
| ५-८ आ.व.म्याद नाघेको | १०००।- | १५००।- | ३०००।- | |
| ९-१२ आ.व.म्याद नाघेको | १५००।- | २०००।- | ५०००।- | |
| १३-१६ आ.व.म्याद नाघेको | २०००।- | ३०००।- | ७०००।- | |
| १७-२० आ.व.म्याद नाघेको | ३०००।- | ४०००।- | ९०००।- | |
| २१-२४ आ.व.म्याद नाघेको | ५०००।- | ७०००।- | १५०००।- | |

**अनुसूची-२**

**(ऐनको दफा-३ सँग सम्बन्धित)**

**भूमीकर (मालपोत) दर-लेखा कोडः ११३१४**

**बक्यौता मालपोत असुलीका लागि प्रस्तावित दर**

| सि.नं. | कोड | राजस्वका क्षेत्रहरू | इकाई | स्वीकृत दर (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| १ | | पक्की सडकसँग जोडिएका जग्गाहरु | प्रति रोपनी | ६०.०० |
| २ | | कच्ची सडकसँग जोडिएका जग्गाहरु | प्रति रोपनी | ५०.०० |
| ३ | | गोरेटो बाटोसँग जोडिएका जग्गाहरु | प्रति रोपनी | ४०.०० |
| ४ | | खेतीयोग्य जग्गाहरू | प्रति रोपनी | ३०.०० |
| ५ | | बारी | प्रति रोपनी | २०.०० |
| ६ | | भिरपाखा | प्रति रोपनी | १०.०० |

नोटः (क) सम्पत्तीकर साविक पनौती नगरपालिकाको हकमा आ.व. २०६४।६५देखी र साविक गाउँ विकास समितिको हकमा आ.व.२०७३।७४ देखी लागू हुनेछ।

**अनुसूची-३**

**(ऐनको दफा-४ सँग सम्बन्धित)**

**घर जग्गा वहाल कर-लेखा कोडः ११३२१**

**व्यक्ति/संस्था/फर्मले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, जग्गा वहालमा दिँदा असुल उपर गरीने करको दर**

| सि.नं. | कोड | राजस्वका क्षेत्रहरू | इकाई | स्वीकृत दर रु. (चालु आ.व.) | स्वीकृत दर (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|---|
| १ | | घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, जग्गा वहाल कर (व्यवसायिक प्रयोजन) | वार्षिक | सम्झौता रकमको १० प्रतिशत | सम्झौता रकमको १० प्रतिशत |

नोटः बैदेशिक अध्ययन गर्न जाने विद्यार्थीहरूको बहाल आयकर प्रमाणितका लागी असुल गर्दा न्यूनतम ३(तीन) महिनाको वहालकर असुल गरीनेछ।

अनुसूची-४

## (ऐनको दफा-५ सँग सम्बन्धित)

## सरकारी सम्पत्तीको वहालको दररेट-लेखा कोडः १४१५१

| क्र.सं. | कोड | संरचनाको नाम, रहेको स्थान र पसल कवल नं. | एकाई | स्वीकृत दर (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| १ | | बसपार्कस्थित सपिङ्ग कम्प्लेक्स भवनको पहिलो तल्ला-१ | मासिक | ८४००.०० |
| २ | | बसपार्कस्थित सपिङ्ग कम्प्लेक्स भवनको पहिलो तल्ला-२ | मासिक | ८४००.०० |
| ३ | | बसपार्कस्थित सपिङ्ग कम्प्लेक्स भवनको पहिलो तल्ला-३ | मासिक | ८४००.०० |
| ४ | | बसपार्कस्थित सपिङ्ग कम्प्लेक्स भवर्नको पहिलो तल्ला-४ | मासिक | ८४००.०० |
| ५ | | बसपार्कस्थित सपिङ्ग कम्प्लेक्स भवनको पहिलो तल्ला-५ | मासिक | ८४००.०० |
| ६ | | बसपार्कस्थित सपिङ्ग कम्प्लेक्स भवनको पहिलो तल्ला-६ | मासिक | ८४००.०० |
| ७ | | बसपार्कस्थित सपिङ्ग कम्प्लेक्स भवनको दोस्रो तल्ला-३ | मासिक | ४२००.०० |
| ८ | | बसपार्कस्थित सपिङ्ग कम्प्लेक्स भवनको दोस्रो तल्ला १ र २ | मासिक | ५८००.०० |
| ९ | | बसपार्कस्थित सपिङ्ग कम्प्लेक्स भवनको दोस्रो तल्ला-४ | मासिक | ४६००.०० |
| १० | | बसपार्कस्थित सपिङ्ग कम्प्लेक्स भवनको दोस्रो तल्ला-५ | मासिक | ३२५०.०० |
| ११ | | बसपार्कस्थित सपिङ्ग कम्प्लेक्स भवनको दोस्रो तल्ला-६ | मासिक | ३२५०.०० |
| १२ | | बसपार्कस्थित सपिङ्ग कम्प्लेक्स भवनको भुई तल्ला पुरै ज्यालाचिटी बाटोतर्फ | मासिक | १२६५०.०० |
| १३ | | बसपार्कस्थित मानेश्वरी मन्दिरसंगैको भवनको भुई तल्ला-१ | मासिक | ९२००.०० |
| १४ | | बसपार्कस्थित मानेश्वरी मन्दिरसंगैको भवनको भुई तल्ला-२ | मासिक | ९२००.०० |
| १५ | | बसपार्कस्थित मानेश्वरी मन्दिरसंगैको भवनको भुई तल्ला-३ | मासिक | ९२००.०० |
| १६ | | बसपार्कस्थित मानेश्वरी मन्दिरसंगैको भवनको भुई तल्ला-४ | मासिक | ९२००.०० |
| १७ | | बसपार्कस्थित मानेश्वरी मन्दिरसंगैको भवनको भुई तला-५ | मासिक | ९२००.०० |
| १८ | | बसपार्कस्थित मानेश्वरी मन्दिरसंगैको भवनको पहिलो तला-१ र २ | मासिक | ३५५००.०० |
| १९ | | बसपार्कस्थित मानेश्वरी मन्दिरसंगैको भवनको पहिलो तला-३ र ४ | मासिक | ३५५००.०० |
| २० | | बसपार्कस्थित मानेश्वरी मन्दिरसंगैको भवनको पहिलो तला-५ | मासिक | १८६५०.०० |
| २१ | | बसपार्कस्थित मानेश्वरी मन्दिरसंगैको भवनको छत पुरै | मासिक | ३३३५०.०० |
| २२ | | बसपार्कस्थित सपिङ्ग कम्प्लेक्स नवनिर्मित भवनको पहिलो तला-१ | मासिक | १३८००.०० |
| २३ | | बसपार्कस्थित सपिङ्ग कम्प्लेक्स नवनिर्मित भवनको पहिलो तला-२ र ९ | मासिक | १९३५०.०० |
| २४ | | बसपार्कस्थित सपिङ्ग कम्प्लेक्स नवनिर्मित भवनको पहिलो तला-३ | मासिक | ११०५०.०० |
| २५ | | बसपार्कस्थित सपिङ्ग कम्प्लेक्स नवनिर्मित भवनको पहिलो तला-४ र ७ | मासिक | १६६००.०० |

| क्र.सं. | कोड | संरचनाको नाम, रहेको स्थान र पसल कवल नं. | एकाई | स्वीकृत दर (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| २६ | | बसपार्कस्थित सपिङ्ग कम्प्लेक्स नवनिर्मित भवनको पहिलो तला-५ | मासिक | ९२००.०० |
| २७ | | बसपार्कस्थित सपिङ्ग कम्प्लेक्स नवनिर्मित भवनको पहिलो तला-८ | मासिक | ९२००.०० |
| २८ | | बसपार्कस्थित सपिङ्ग कम्प्लेक्स नवनिर्मित भवनको दोश्रो तला र छत पुरै | मासिक | ४३०००.०० |
| २९ | | पनौती नगरपालिका७- स्थित लामपाटीको माथिल्लो तला पुरै | मासिक | ५७५०.०० |
| ३० | | पनौती नगरपालिका६- स्थित तरकारी बजार भवनको भुइँ तला-१ | मासिक | ६२००.०० |
| ३१ | | पनौती नगरपालिका६- स्थित तरकारी बजार भवनको भुइँ तला-२ | मासिक | ६२००.०० |
| ३२ | | पनौती नगरपालिका६- स्थित तरकारी बजार भवनको भुइँ तला-३ | मासिक | ५२००.०० |
| ३३ | | पनौती नगरपालिका६- स्थित तरकारी बजार भवनको भुइँ तला-४ | मासिक | ५७५०.०० |
| ३४ | | पनौती नगरपालिका६- स्थित तरकारी बजार भवनको भुइँ तला-५ | मासिक | ३४५०.०० |
| ३५ | | पनौती नगरपालिका६- स्थित रातमाटे सामूदायिक भवन | मासिक | ३५००.०० |
| ३६ | | पनौती नगरपालिका-१०स्थित वडा कार्यालय भवनको भुइँ तला कोठा-१ | मासिक | २५००.०० |
| ३७ | | पनौती नगरपालिका-१०स्थित वडा कार्यालय भवनको भुइँ तला कोठा-२ | मासिक | २५००.०० |
| ३८ | | पनौती नगरपालिका-१०स्थित वडा कार्यालय भवनको भुइँ तला कोठा-३ | मासिक | २५००.०० |
| ३९ | | पनौती नगरपालिका कार्यालय परिसरमा रहेको चमेना गृह | मासिक | ८०००.०० |
| ४० | | वडा नं. ६ को तरकारी बजार रहेको सेड | मासिक | ९००.०० |
| ४१ | | बसपार्क स्थित सपिङ्ग कम्प्लेक्स नवनिर्मित भवनको पहिलो तल्ला ज्यालाचिटी बाटो तर्फको शौचालय नं.-१ | मासिक | १४१००.०० |
| ४२ | | बसपार्क दक्षिणपट्टीको २ नं. नयाँ शौचालय | मासिक | ७५००.०० |
| ४३ | | सभाकक्ष (हल)को भाडा | | |
| | | क) ठुलो सभाकक्ष(हल)को प्रतिदिन भाडा | दैनिक | ४०००।- |
| | | ख) सानो सभाकक्ष(हल)को प्रतिदिन भाडा | दैनिक | १५००।- |
| | | ग) मल्टीमिडिया प्रोजेक्टरको प्रतिदिन भाडा | दैनिक | १०००।- |
| | | घ) स्मार्टबोर्डको प्रतिदिन भाडा | दैनिक | १५००।- |
| ४४ | | शहिद पार्क वडा नं. ८ वहाल (भाडा) | मासिक | १००००।- |
| **४५** | | **हेभि इक्विमेण्ट प्रयोग शुल्क** | | |
| ४५.१ | | जेट मेशिन नगर क्षेत्रभित्र | | निःशुल्क |

| क.सं. | कोड | संरचनाको नाम, रहेको स्थान र पसल कवल नं. | एकाई | स्वीकृत दर (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| ४५.२ | | जेट मेशिन नगर क्षेत्र बाहीर पनौती बसपार्कलाइ शुरू बिन्दु मानी ६० कि.मि.सम्म (सो भन्दा माथी प्रति कि.मि. थप रू.१००।००) | | २५००।- |
| ४५.३ | | व्याकहो लोडर प्रति घण्टा (इन्धन तथा अन्य खर्च बाहेक) | प्रति घण्टा | २०००।- |
| ४५.४ | | रोलर प्रति घण्टा (इन्धन तथा अन्य खर्च बाहेक) | प्रति घण्टा | १५००।- |
| ४५.५ | | ठुलो ट्रिपर लोडर प्रति घण्टा (इन्धन तथा अन्य खर्च बाहेक) | प्रति घण्टा | १०००।- |

*नोटः क.सं. ८ देखी ४१ सम्मको हकमा २०८४ असारसम्मका लागी सम्झौता भएकोले सोही दररेट कायम गरिएको।*

**अनुसूची-५**

**(ऐनको दफा-६ सँग सम्बन्धित)**

**सवारी साधन करको दर-लेखा कोडः ११४५१**

| सि.नं. | कोड | राजस्वका क्षेत्रहरू | इकाई | स्वीकृत दर (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| १ | | टाङ्गा, रिक्सा, अटो रिक्सा र विद्युतिय रिक्सा रूट पर्मिट अनुमती इजाजत दस्तुर समेत | एक पटक | रू.५३००।- |
| २ | | वार्षिक नविकरण | वार्षिक | रू. ३०००।- |

**अनुसूची-६**

**(ऐनको दफा-७ सँग सम्बन्धित)**

**पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर-लेखा कोडः ११४५२**

**६.१ साधारण निर्माणमुखी खनिजजन्य पदार्थ ढुवानीका मालवाहक सवारीसाधनहरूमा सडकमा पानी छर्किने कार्य र सडक मर्मतका लागी स्थानीय पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर**

| सि.नं. | कोड | राजस्वका क्षेत्रहरू | इकाई | स्वीकृत दर (मु.अ. कर बाहेक) |
|---|---|---|---|---|
| १ | | टिपर/भारत बेन्च | प्रति पटक | १५०।- |
| २ | | मिनी टिपर/ट्रक | प्रति पटक | १००।- |
| ३ | | निसान/ट्र्याक्टर | प्रति पटक | ७०।- |

**६.२. ढल निकास जडान तथा उपयोग कर**

| सि.नं. | कोड | राजस्वका क्षेत्रहरू | इकाई | स्वीकृत दर (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| १ | | ढल जडान शुल्क स्मारक क्षेत्रभित्र | प्रति पटक | १०००।- |
| २ | | ढल जडान शुल्क (स्मारक क्षेत्र बाहेक) | प्रति पटक | २०००।- |
| ३ | | संरचना ढल मर्मत सेवा शुल्क स्मारक क्षेत्रभित्र प्रति घरधुरी वार्षिक | वार्षिक | ३६०।- |
| ४ | | संरचना मर्मत सेवा शुल्क स्मारक क्षेत्रबाहेक प्रति घरधुरी वार्षिक | वार्षिक | ६००।- |
| ५ | | फोहरमैला व्यवस्थापन तथा सरसफाई सेवा शुल्क स्मारक क्षेत्रभित्र प्रति घरधुरी वार्षिक | वार्षिक | ३६०।- |
| ६ | | फोहरमैला व्यवस्थापन तथा सरसफाई सेवा शुल्क स्मारक क्षेत्रबाहेक प्रति घरधुरी वार्षिक | वार्षिक | १०००।- |
| ७ | | नगरपालिकाको गाडी प्रयोग गरी फोहरमैला संकलन गरिएको क्षेत्रमा सरसफाई सेवा शुल्क | वार्षिक | ६००।- |
| ८ | | सेफ्टी ट्यान्की सफाई नगर क्षेत्र भित्र | प्रति पटक | ३०००।- |
| ९ | | सेफ्टी ट्यान्की सफाई नगर क्षेत्र बाहिर | प्रति पटक | ४०००।- |

नोटः सेफ्टि ट्यान्की सफाइ दस्तुर सक्सन मेशिन/साधनको न्यूनतम ढुवानी भाडा मात्र भएको हुँदा उक्त कार्यमा लाग्ने सरसफाइ कामदारको ज्याला प्रति कामदार रू.१०००।-का दरले व्यहोर्नुपर्नेछ।सरसफाइ कामदारको खर्च सेवाग्राहीले नवेहोरेको हकमा उक्त कार्यमा लाग्ने कामदार सेवाग्राही स्वयंले व्यवस्थापन गर्नुपर्नेछ।

**अनुसूची-७**

**(ऐनको दफा-९ सँग सम्बन्धित)**

**विज्ञापन करको दर-लेखा कोडः ११४७२**

| सि. नं. | कोड | राजस्वका क्षेत्रहरू | इकाई | स्वीकृत दर (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| १ | | विद्युतीय/डिजिटल होर्डिङबोर्ड | प्रति वर्ग फिट-वार्षिक | २००।- |
| २ | | डिजिटल डिस्प्लेबोर्ड तथा डिजिटल स्क्रिनबोर्ड | प्रति वर्ग फिट-वार्षिक | २००।- |
| ३ | | पोल ब्यानर/फ्लेक्स बोर्ड | प्रति गोटा-वार्षिक | १००।- |
| ४ | | होर्डिङ्गबोर्ड, पोलबोर्ड, डि.पि.एस.बोर्ड/ ग्लोसाइनबोर्ड | प्रति वर्ग फिट-वार्षिक | ८०।- |
| ५ | | भित्ते लेखन २ वर्गफिट सम्म | प्रति वर्ग फिट-वार्षिक | ८०।- |
| ६ | | फ्लेक्सप्रिन्ट ब्यानर/ कपडा व्यानर ६ वर्गफिट सम्म | प्रति गोटा-वार्षिक | २००।- |
| ७ | | जुनसुकै स्थानमा व्यवसाय राखी न.पा.क्षेत्रभित्र व्यानर, कपडा वा अन्य | प्रति गोटा-वार्षिक | १०००।- |

| सि. नं. | को ड | राजस्वका क्षेत्रहरू | इकाई | स्वीकृत दर (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| | | अस्थायी सामान प्रयोग गरी विज्ञापन गरेको हकमा २ मि. भन्दा बढीको लागी प्रति गोटा | | |
| ८ | | कार्यक्रम,समारोह,सन्देशमूलक/जनचेतनामूलक/राजनीतिकदलको व्यानर/ पर्चा/ पमप्लेट/ व्यानर आदी अनुमति लिई राखेमा | निःशुल्क | निःशुल्क |
| ९ | | नगरपालिकामा व्यवसाय दर्ता भएका ब्यवसायी, फर्म, बैंक, वित्तीय संस्थाहरूको आफ्नो परीचय खुलाउने बोर्ड व्यवसाय रहेको परीसरमा राखीएका बढीमा २५ वर्गफिट सम्मको व्यवसाय खुल्ने होर्डिङ्ग बोर्ड | निःशुल्क | निःशुल्क |

नोटः (क) मदिरा तथा सूर्तिजन्य विज्ञापनको हकमा ३० प्रतिशत थप लाग्नेछ।

(ख) विदेशी कम्पनीको विज्ञापनको हकमा माथी उल्लेखित दरमा ५० प्रतिशत थप गरी असुल गरिनेछ।

**अनुसूची-८**

**(ऐनको दफा-१० सँग सम्बन्धित)**

**जडिबुटी, कवाडी, जीवजन्तु र बनकस सम्बन्धी करको दर**

**८.१ कवाडी मालसामान-लेखा कोडः ११६९१**

| सि.नं. | कोड | राजश्वको क्षेत्रहरु | इकाई | स्वीकृत दर (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| १.१ | | फलाम | प्रति के.जी. | २।- |
| १.२ | | अन्य धातु(पित्तल, तामा आदि) | प्रति के.जी. | ४।- |
| १.३ | | थोत्रिएर काम नलाग्ने मेसिनरी औजार | प्रति के.जी. | २।- |
| १.४ | | पोलिथिन पाइपका टुक्रा | प्रति के.जी. | २।- |
| १.५ | | सिसा (लिड)को धुलो वा टुक्रा | प्रति के.जी. | ३।- |
| १.६ | | काँचको धुलो र टुक्रा | प्रति के.जी. | १।- |
| १.७ | | स्टिल | प्रति के.जी. | १।- |
| १.८ | | सिलावर(एल्मुनियम) | प्रति के.जी. | १।- |
| १.९ | | खाली सीसी(वियर) वोतल सिसासाइज ठुलो- | प्रति गोटा | ०।७५ |
| १.१० | | खाली सीसी(वियर) वोतल सिसासानो साइज- | प्रति गोटा | ०।५० |
| १.११ | | खाली सीसी(मदिरा र अन्य) ५०० एम.एल. भन्दा माथि | प्रति गोटा | ०।५० |
| १.१२ | | खाली सीसी(मदिरा र अन्य) ५०० एम.एल. भन्दा तल | प्रति गोटा | ०।२५ |

| सि.नं. | कोड | राजश्वको क्षेत्रहरु | इकाई | स्वीकृत दर (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| १.१३ | | प्लाष्टिक (बोतल, भाँडाकुँडा, पुराना जुत्ता, चपल, ग्यालन र जर्किन आदि) | प्रति के.जी | १।- |
| **१.१४** | | **खाली बोराः** | | |
| क | | ५० के.जी सम्म खाध्यान्न अट्ने प्लाष्टिकका बोरा | प्रति गोटा | ०।५० |
| ख | | ५० के.जी. सम्म खाध्यान्न अट्ने जुटका बोरा | प्रति गोटा | ०।५० |
| ग | | १०० के.जी. सम्म खाद्यान्न अट्ने जुटका बोरा | प्रति गोटा | ०।५० |
| १.१५ | | तेलको टिन-१० लिटरभन्दा बढी अट्ने ठूलो | प्रति गोटा | २।०० |
| १.१६ | | तेलको टिन-१० लिटरभन्दा कम अट्ने सानो | प्रति गोटा | १।०० |
| १.१७ | | तेलको थोत्रो टिन | प्रति के.जी | ०।५० |
| १.१८ | | पुरानो ड्रम (प्लाष्टिक) | गोटा | २५।- |
| १.१९ | | पुराना कागज (अखबार, न्यूजप्रिन्ट) | प्रति के.जी. | ०।५० |
| १.२० | | पुराना अन्य कागज (कार्टुन समेत) | प्रति के.जी. | १।०० |
| १.२१ | | पुरानो व्यात्री | प्रति के.जी. | २।- |
| १.२२ | | जलेको मोविल | प्रति लिटर | १।- |
| १.२३ | | टायर ट्युब | प्रति के.जि. | २।- |
| १.२४ | | गार्मेन्टको कपडाको टुक्रा (उनको टुक्रा र कालो कपास समेत) | प्रति के.जी. | ०।५० |

**८.२ प्रचलित कानूनले निषेधित गरे बाहेकका पंछिहरुको प्वाँख तथा मरेका वा मारिएका जीवजन्तुको हाड, सिंग, खुर तथा छाला -लेखा कोडः ११६३२**

| सि.नं. | कोड | राजश्वको क्षेत्रहरु | इकाई | स्वीकृत दर (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| २.१ | | पंछिहरुका प्वाँख (कानूनले निषेधित गरे बाहेकको) | प्रति केजि. | २।- |
| २.२ | | हाड (राँगा, भैसी, खसी, बोका, भेडा, च्यांग्राको) | प्रति केजि. | १।- |
| २.३ | | सिंग तथा खुर (राँगा, भैसी, खसी, बोका, भेडा, च्यांग्राको) | प्रति केजि. | २।- |
| २.४ | | छाला ठूलो (राँगा, भैसीको) | प्रति गोटा | ३०।- |
| २.५ | | छाला सानो (राँगा, भैसीको) | प्रति गोटा | १५।- |

८.३ जडीबुटी तथा बनकस-लेखा कोडः ११६३२

| सि.नं. | कोड | राजश्वको क्षेत्रहरु | इकाई | स्वीकृत दर (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| ३.१ | | बुद्धचित्तको दाना | | सम्झौता रकमको ५ प्रतिशत |
| ३.२ | | खोटो | प्रति के.जि. | ५।- |
| ३.३ | | बनकस, जराजुरी | प्रति ट्रक | रू.२००।- |

अनुसूची-९

(ऐनको दफा-११ सँग सम्बन्धित)

विक्री, निकासी तथा श्रोत उपयोग शुल्क-लेखा कोड ११६९१

९.१ बिक्रि तथा श्रोत उपयोग शुल्क

| सि.नं. | कोड | राजश्वको क्षेत्रहरु | इकाई | स्वीकृत दर (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| १. | | निजी खानी उद्योग र क्रसर उद्योगबाट उत्खनन् एवं उत्पादन भएका ढुंगा, रोडा, गिट्टी, बेस, सब-बेस, ग्राभेल, बालुवा श्रोत उपयोग शुल्क | प्रति घन फिट | रू.९।- |
| २. | | माटो र डस्ट श्रोत उपयोग शुल्क | प्रति घन फिट | रू.३।५० |
| ३. | | नदी/खोलाबाट उत्खनन् भइ प्रयोग हुने नदीजन्य निर्माण सामाग्रीहरूको मालवस्तु बिक्रि | प्रति घन फिट | प्रदेश कानूनले निर्धारण गरे बमोजिम |

९.२ निकासी शुल्क

| क्र.सं. | कोड | राजश्वको क्षेत्रहरु | एकाई | स्वीकृत दर (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| ३.१ | | दाउरा/कुकाठ- पालीका बाहीर निकासी हुँदा | प्रति ट्रक | रू.५००।- |
| ३.२ | | काठ (सु-काठ)- पालीका बाहीर निकासी हुँदा | प्रति क्यु. फिट | रू.५।- |
| ३.३ | | प्लाइ- पालीका बाहीर निकासी हुँदा | प्रति स्क्वायर फिट | ०।५० पैसा |

अनुसूची-१०

(ऐनको दफा-१२ सँग सम्बन्धित)

अन्य सेवा शूल्क तथा बिक्रि-लेखा कोडः १४२१९

१०.१- अन्य सेवा शुल्क

| क्र.सं | कोड | राजश्वको क्षेत्रहरु | स्वीकृत दर |
|---|---|---|---|
| १ | | साधँ सिमाना रेखाकंन शुल्क | |
| | | क) ४ आनासम्म | ५००।- |
| | | ख) ४ देखी ८ आनासम्म | ८००।- |
| | | ग) ८ आनाभन्दा माथी १ रोपनीसम्म | १२००।- |
| | | घ) १ रोपनी भन्दा माथी प्रति रोपनी थप | २००।- |

| क्र.सं | कोड | राजश्वको क्षेत्रहरु | स्वीकृत दर |
|---|---|---|---|
| २ | | साना उद्योग सिफारीस शुल्क | १०००।- |
| ३ | | साना उद्योग सर्जमिन शुल्क | ३००।- |
| ४ | | ठुला उद्योग सिफारीस शुल्क | १५००।- |
| ५ | | ठुला उद्योग सर्जमिन शुल्क | १५००।- |
| ६ | | अन्य सर्जमिन शुल्क | ५००।- |
| ७ | | संघ संस्थालाई नगरपालिकाले आफ्नो क्षेत्रभित्र कार्य गर्न अनुमति दिइए वापत सेवा शुल्क | १५००।- |
| ८ | | कृषक समुह तथा उपभोक्ता समिति/अन्य समुह दर्ता र वार्षीक नविकरण शुल्क | १००।- |
| ९ | | काभ्रे उपत्यका खानेपानी व्यवस्थापन बोर्डबाट वितरण हुने खानेपानी सेवाको शुल्क तथा धरौटी उक्त बोर्डबाट तोकिए अनुसार हुनेछ। | - |
| १० | | होमस्टे अनुमती शुल्क | |
| १०.१ | | होमस्टे अनुमती निवेशन शुल्क | २००।- |
| १०.१ | | सामुदायिक होमस्टे अनुमती शुल्क | ५०००।- |
| १०.२ | | नीजि होमस्टे अनुमती शुल्क | ३०००।- |
| ११ | | होमस्टे वार्षिक नविकरण शुल्क | १०००।- |
| १२ | | मेला, पर्व जात्रा तथा महोत्सव अनुमती शुल्क | |
| १२.१ | | रमाईलो मेला अनुमती शुल्क | ३०००।- |
| १२.२ | | ब्यापारीक र सांस्कृतीक महोत्सव तथा मेला अनुमती शुल्क | ५०००।- |
| १२.३ | | ब्यापारीक र सांस्कृतीक महोत्सव तथा मेलास्थल सहित रोटेपिङ्ग दैनिक | २५००।- |
| १२.४ | | सांस्कृतीक महोत्सव तथा मेला रोटेपिङ्गमा संचालन हुने तथा अन्य खेल संचालन मात्र दैनिक शुल्क | २०००।- |
| १२.५ | | सांस्कृतीक महोत्सव तथा मेला रोटिपिङ्ग मात्र दैनिक | १५००।- |
| १२.६ | | रोटीपिङ्ग सर्कश एंव अन्य खेल संचालन गरेमा दैनिक रु. | १०००।- |
| १२.७ | | रोटीपिङ्ग मात्र संचालन गरेमा दैनिक रु. | ८००।- |
| १२.८ | | सो बाहेक अन्य खेल संचालन गरेमा दैनिक रु. | ७००।- |
| १२.९ | | मेला/पर्ब, जात्रामा अस्थायी पसल संचालन प्रतिदिन | ३००।- |
| १३ | | गैरसरकारी संस्था दर्ता तथा सुचिकृत, नविकरण: | |
| १३.१ | | नगरस्तरीय गैसस | १०००।- |
| १३.२ | | जिल्ला स्तरीय गैसस | २०००।- |
| १३.३ | | राष्ट्रिय स्तरीय गैसस | ३०००।- |
| १४ | | खानेपानी मुहान दर्ता एवं वार्षिक नविकरण शुल्क | १०००।- |
| १५ | | उपभोक्ता समिती एवं अन्य संघ संस्था दर्ता/नविकरण शुल्क | नि:शुल्क |
| १६ | | बिद्यालय संचालन अनुमती शुल्क (संस्थागत) | १००००।- |
| १७ | | कक्षा अपग्रेड शुल्क (संस्थागत) | |
| १७.१ | | आधारभुत विद्यालय | ५००।- |

| क्र.सं | कोड | राजश्वको क्षेत्रहरु | स्वीकृत दर |
|---|---|---|---|
| १७.२ | | माध्यामिक विद्यालय | १०००।- |
| १८ | | तह अपग्रेड अनुमती शुल्क(संस्थागत) | १०००।- |
| १९ | | पनौती नगरपालिका वडा नं ७ बसपार्कमा रहेको डिजिटल बोर्डमा कुनै व्यक्ति, संघसंस्था वा व्यवसायीबाट गरीने विज्ञापन वापत शुल्क प्रति वर्गफुट प्रतिमिनेट | रू.१०।- |

**१०.२- स्नानगृह तथा शौचालय प्रयोग शुल्कः**

| क्र. सं. | कोड | राजश्वको क्षेत्रहरु | इकाई | स्वीकृत दर |
|---|---|---|---|---|
| १ | | पिसाब गरेको | प्रति पटक | ५।- |
| २ | | दिसा गरेको | प्रति पटक | १०।- |
| ३ | | स्नान | प्रति पटक | २०।- |
| ४ | | स्नान साबुन तौलीया | प्रति पटक | ४०।- |

**१०.३- पर्यटक प्रवेश शुल्क**

| क्र.सं. | कोड | राजस्वका क्षेत्रहरू | इकाई | स्वीकृत दर |
|---|---|---|---|---|
| **पनौती संग्रहालय प्रवेशमा संकलन गरिने प्रवेश शुल्क** | | | | |
| १. | | विदेशी नागरिक प्रवेश शुल्क | प्रति पटक | ३००।०० |
| २. | | सार्क मुलुकका नागरिक प्रवेश शुल्क | प्रति पटक | १००।०० |
| ३. | | नेपाली नागरिक प्रवेश शुल्क | प्रति पटक | २५।०० |
| ४. | | विद्यार्थी प्रवेश शुल्क | प्रति पटक | १०।०० |

**१०.४- चलचित्र छायाँकान शुल्क**

| क्र.सं. | कोड | राजस्वका क्षेत्रहरू | इकाई | स्वीकृत दर |
|---|---|---|---|---|
| **(क) पनौती नगरपालिका क्षेत्रभित्र स्वदेशी चलचित्र छायाँकन** | | | | |
| १. | | फिल्म सुटिङ | प्रति दिन | २५००।०० |
| २. | | भिडियो सुटिङ | प्रति दिन | १५००।०० |
| ३. | | डकुमेन्ट्रि सुटिङ | प्रति दिन | १०००।०० |
| **(ख) पनौती नगरपालिका क्षेत्रभित्र विदेशी चलचित्र छायाँकन** | | | | |
| १. | | फिल्म सुटिङ | प्रति दिन | ५०००।०० |
| २. | | भिडियो सुटिङ | प्रति दिन | २५००।०० |
| ३. | | डकुमेन्ट्रि सुटिङ | प्रति दिन | १५००।०० |

